**विश्वविद्यालय अनुदान आयोग,**
**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्**
**गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमाणपत्र प्राप्त गरेका उच्च शैक्षिक संस्थाहरुको नाममा जारी**
**सार्वजनिक सूचना**
(जारी मिति : २०७९/४/१३)

विश्वविद्यालय अनुदान आयोग, शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४ को नियम ११ बमोजिम परिषद्को सिफारिसमा आयोगबाट प्रत्यायनको प्रमाणपत्र प्राप्त गरेका कतिपय उच्च शैक्षिक संस्थाले हाल एस.ई.ई. परीक्षाको परीक्षाफल प्रकाशन भएको सन्दर्भमा माध्यामिक तह कक्षा ११ र १२ को भर्ना आव्हान सम्बन्धी प्रकाशन एवं प्रशारण सामाग्रीहरुमा उच्च शिक्षा शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको जनाउ दिने वाक्य पनि संलग्न गरिएको पाईएको र त्यस्तो कार्य उच्च शैक्षिक संस्थाको संस्थागत गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको शर्त विपरित रहेकाले यो सूचना जारी भएको ३ दिन भित्र त्यस प्रकारका प्रकाशन एवं प्रशारण सामाग्रीहरु जारी भईसकेको भए हटाउन र आगामी दिनमा नगर्न /नगराउनुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ । विद्यमान प्रत्यायन प्रमाणपत्रको क्षेत्र भित्र उच्च शिक्षा मात्र समावेश हुने र सो भित्र कक्षा ११ र १२ समावेश नहुने तथ्यसँग जानकार रहँदा रहँदै पनि शर्त विपरितका कार्यहरु गर्दा नियमावलीको नियम १३ को उपनियम १ (क) आकर्षित भई संस्थाको प्रत्यायन प्रमाणपत्र निलम्बन हुनसक्ने तर्फ सबैको ध्यानाकर्षण गराउँदछौं।

प्रत्यायन प्रमाणपत्रको विश्वसनियता र गरिमा कायम गर्ने पहिलो जिम्मेवारी स्वयं प्रत्यायनकृत संस्थाहरुको हुने तथ्य प्रति सचेत रहन समेत यसै सूचना मार्फत आव्हान गर्दछौं ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा विश्वविद्यालय अनुदान आयोग शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय**
विश्वविद्यालय अनुदान आयोग,
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२